# छुट तथा पुन: जाँच सर्वेक्षण २०७५ / २०७६ को तथ्यांक विश्लेषणबाट गैरलाभग्राही भएकाहरूलाई जानकारी

- छुट तथा पुन: जाँच सर्वेक्षण २०७५/२०७६ अन्तर्गत संकलित तथ्यांकको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिबाट तोकिएको मापदण्ड अनुसार विश्लेषण गरी लाभग्राही / गैरलाभग्राही पहिचान गरिएको ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिबाट निर्णय भई गैरलाभग्राही भएकाहरूको निर्णय प्राधिकरणबाट परिवर्तन नहुने ।
- सर्वेक्षण गराएकाहरू गैरलाभग्राहीमा पर्नुका मुख्य कारणहरू हुन:
    - निजको अन्यत्र बसोबास योग्य घर भएको ।
    - निजको सोही ठाउँमा अर्को वैकल्पिक बासको व्यवस्था भएको ।
    - हालको सर्वेक्षणमा घर भएको भनि खाली जग्गा / बारी / चौर देखाएकाले त्यहाँ घर थियो र क्षतिग्रस्त भयो भनी यकिन गर्ने आवश्यक प्रमाण नहुनु ।
    - हालको सर्वेक्षणमा नयाँ घर देखाएको तर यो घर भूकम्प पश्चात् पुरानो घर क्षती भई बनाएको भनि यकिन गर्ने आवश्यक प्रमाण नहुनु ।
- छुट तथा पुन: जाँच सर्वेक्षण २०७४ मा सर्वेक्षण गराई गैरलाभग्राहीमा परेकाहरूले झुक्काई यस पटक पुन: सर्वेक्षण गराएकाहरूको हकमा छुट तथा पुन: जाँच सर्वेक्षण २०७४ को विश्लेषणबाट कायम निर्णय नै लागू हुने । सो निर्णयमा चित्त नबुझेमा पुनरावेदनको प्रक्रियामा जानु पर्ने ।
- प्राविधिक त्रुटीवश एकै व्यक्ति वा परिवारको विभिन्न सर्वेक्षणमा फरक फरक नतिजा आएको हकमा शुरूको सर्वेक्षणको नतिजा कायम हुने ।
- गैरलाभग्राहीमा सूचीकृत भएकाहरूले प्राधिकरणको निर्णयमा चित्त नबुझेको खण्डमा आवश्यक प्रक्रिया पुरा गरी पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछन् ।
- पुनरावेदनका लागि गैरलाभग्राहीमा सूचीकृत व्यक्तिले सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) वा पुनरावेदन समितिको सचिवालय, सिंहदरबार, काठमाडौंमा सम्पर्क गर्न सक्नेछन् ।
- पुनरावेदनको प्रक्रिया निम्नानुसार रहेको जानकारी गराईन्छ:
    - गैरलाभग्राहीमा सूचीकृत भएको पत्र सम्बन्धित व्यक्तिले जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) बाट बुझि लिने र यो पत्र बुझेको ३५ दिन भित्रमा सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) वा पुनरावेदन समिति सिंहदरबार, काठमाडौंमा आवश्यक कागजात सहित पुनरावेदन दर्ता गर्ने ।
    - पुनरावेदन गर्दा दर्ता शुल्क रू १०० लाग्ने छ ।
    - पुनरावेदन व्यक्तिले गर्नु पर्ने छ ।
- पुनरावेदन समितिमा दर्ता भएका पुनरावेदनहरूको दर्ता क्रम अनुसार समितिले सुनुवाई गर्नेछ ।
- पुनरावेदन समितिको निर्णय अन्तिम हुनेछ ।
- पहिलेको सर्वेक्षणमा अर्को स्थानमा बस्न योग्य घरको विवरण देखिएका कारण अहिलेको सर्वेक्षणको नतिजा नभएकाहरूको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतबाट उक्त विवरणका सम्बन्धमा स्पष्ट पारी सिफारिश प्राधिकरणमा पेश गरेपछि आवश्यक निर्णय हुनेछ ।

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण